**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति- २०६३ भदौं ९**

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका आदिवासी र अल्पसङ्ख्यकसम्बन्धी टोलीको नेपाल भ्रमण

जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको प्रमुख कार्यालयको आदिवासी र अल्पसङ्ख्यकसम्बन्धी इकाई (आईएमयू)को एक टोलीले काठमाडौँ र बाहिरका क्षेत्रहरूमा आदिवासी तथा अल्पसङ्ख्यक समूहहरूसँग भेट गरी आफ्नो सात दिने मिसन आज समाप्त गर्‍यो ।

आदिवासी र अल्पङ्ख्यकसम्बन्धी इकाईका फियोना-ब्लिथ कुबोटा र पाब्लो इस्पिनिल्ला एवं नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले काठमाडौँमा गैरसरकारी संस्था र नागरिक समाजका समूहहरूसँग बैठकहरू गरेका थिए र राजधानीबाहिर दुई कार्यशालामा भाग लिएका थिए : पूर्वाञ्चल क्षेत्रको लाहानमा दलित कार्यकर्ताहरूका साथै वकिल, पत्रकार, मानवअधिकारवादी गैरसरकारी संस्थाहरू, प्रहरी र स्थानीय अधिकारीहरूसँग दलित र न्यायमा पहुँचबारे तथा मध्यपश्चिमाञ्चल क्षेत्रको बर्दियामा ३० भन्दा बढी थारू महिलाहरूको समूहसँग उनीहरूका मानवअधिकारसम्बन्धी सरोकारहरू र तिनलाई कसरी सम्बोधन गर्ने भन्नेबारे । सो टोलीले बर्दिया जिल्लामा पूर्वकमैयाहरूको एक समुदायसँग पनि भेट गरेको थियो ।

उच्चायुक्तको कार्यालय, नेपालले सामाजिक समावेशीकरणसँग सम्बन्धित मानवअधिकारमा आफ्नो ध्यान बढी केन्द्रित गरिरहेको र विशेषतः शान्ति प्रक्रियाको सन्दर्भमा यी मुद्दाहरू सम्बोधन गर्नुपर्ने आवश्यकता भएको बेला यो कार्यशाला भएको थियो ।

यी दुई क्षेत्रीय कार्यशालाको उद्देश्य नेपालमा सबैभन्दा सीमान्तकृत केही समुदायहरूले सामना गर्नुपरेका मुद्दाहरूको अझ विस्तृत् अध्ययन गर्ने र ती समुदायका सदस्य तथा कार्यकर्ताहरूसँग यो भेदभावलाई सम्बोधन गर्ने उपायहरूबारे छलफल गर्ने थियो ।

"सो टोलीले सिराहा र सप्तरी जिल्लाका दलित कार्यकर्ताहरूसँग भएको कार्यशालामा सबै तहमा भेदभाव तथा दलितहरूको जीवनमा यसको डरलाग्दो प्रभावलाई सम्बोधन गर्ने समय अहिले नै हो भन्ने स्पष्ट सन्देश सुन्यो । थारू महिलाहरूबाट हामीले द्वन्द्वको प्रभाव तथा थारू समुदायहरूलाई मानवअधिकारसम्बन्धी दुर्व्यवहारका लागि कसरी लक्षित गरियो भन्ने दुवै सुन्यौं - र खासगरी थारू समुदायका सदस्यहरूलाई बेपत्ता पारिएकाले त्यसको परिरहेको प्रभावबारे । हामीले सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकारहरूमाथि यो आदिवासी समुदायको सीमान्तिकरणको प्रभाव तथा प्रजातान्त्रिक सङ्क्रमणको प्रक्रियाले यी अधिकारहरूलाई सम्बोधन गर्नु पर्दछ भन्ने उनीहरूको दृढताबारे पनि सुन्यौं," उच्चायुक्तको कार्यालय, नेपालका प्रवक्ता किरण ड्वयरले भन्नुभयो ।

सो टोलीले आफ्नो भ्रमण काठमाडौँमा दलित प्रतिनिधिहरू र आदिवासी एवं दलित समुदायहरूसँग काम गर्ने अन्तर्राष्ट्रिय निकायहरूसँग बैठकहरू गरी सम्पन्न गर्‍यो । उच्चायुक्तको कार्यालय, नेपालले माथि उल्लेखित जिल्लाहरूमा भइरहेका काम तथा नेपालमा सीमान्तकृत मानिसका मानवअधिकार तथा भेदभावसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने उद्देश्यले स्थानीय र राष्ट्रिय स्तरमा थप गतिविधिहरू सञ्चालन गरेर यी कार्याशालामा भएका कुराहरूको अनुगमन गर्नेछ ।

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोनः ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइलः ९८५१०१४२६३; फ्याक्सः ४६७ ०७१२*
*इमेलः* ***kdwyer@ohchr.org***